R.K. Electronics
Birgunj
SAMSUNG ELECTRONICS
SHARP ELECTRONICS
HIMSTAR, Bajaj
SAMSUNG Mobile
थोक विक्रेता:- डि.भी.डी., भि.सि.डी. फ्रिज, वासिङ मेसिन, रंगिन टि.भी. इत्यादी ।

Pratiphal Daily
# प्रतिफल
दैनिक

यो ठाउँ विज्ञापनको लागि खाली छ

बर्ष : १६ अंक : ४८ बि. सं. २०८२ साल भदौ २४ गते मंगलबार Pratiphal daily 2025 September 09 Tuesday मूल्य-५ रूपैया पृष्ठ ४

# माओवादी केन्द्रद्वारा प्रधानमन्त्री ओलीको राजीनामा माग,'सरकारले नरसंहार गर्‍यो'



***काठमाडौं, २३ भदौ ।***
जेन-जी आन्दोलन चर्कँदै जाँदा प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले सरकारको भूमिका अमानवीय भएको भन्दै प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा माग गरेको छ । 'जनतासँग माओवादी : मध्यपहाडी पुष्पलाल लोकमार्ग-जनजागरण अभियान' अन्तर्गत गोरखामा रहेका शीर्ष नेताहरूले अनौपचारिक बैठक गरी प्रधानमन्त्रीले तत्काल राजीनामा दिनुपर्ने निष्कर्ष निकालेका हुन् । माओवादी केन्द्रका सांसद माधव सापकोटाले दिएको जानकारीअनुसार, "सरकारले ताकी ताकी गोली हानेको छ, यो हत्या नभई नरसंहार नै हो । सुरुमा हेलचक्र्याइँ गर्‍यो, पछि गोली चलायो ।"

अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरू, महासचिव लगायतका शीर्ष नेताहरू अभियान स्थगित गरेर काठमाडौं फर्किंदैछन् । माओवादी नेताहरूको धारणा छ कि जेन-जी आन्दोलनमा सरकारले जुन कठोरता र अमानवीयता देखायो, त्यसले परिस्थिति भयावह बनाएको छ। सोही

बाँकी अन्तिम पृष्ठमा

# वीरगंजमा गोली लागेर एक महिला घाइते



***बीरगंज, २३ भदौ ।***
आपराधिक समूहले प्रहार गरेको गोली लागेर वीरगञ्जमा एक जना महिला घाइते भएकी छन् ।

डीएसपी किशोर लम्सालका अनुसार रजत जयन्ती चोकमा गोली लागेर सोमबार एक महिला घाइते भएकी हुन् ।

बायाँ गालामा गोली लागेर घाइते भएकी महिलालाई उपचारका लागि नारायणी अस्पतालमा लगिएको छ। ती महिलाको परिचय खुल्न बाँकी छ । (यसअघि समाचारमा अन्यथा भएकोले सच्याइएको छ।)

# वीरगंजमा निशुल्क अकुपन्चर उपचार कार्यक्रम सम्पन्न



***बीरगंज, २३ भदौ ।***
ग्रिनसिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगर-१०, वीरगंज पर्साको आयोजनामा तथा स्टार होलिस्टिक हिलिङ, काठमाडौंको सहकार्यमा एकदिने निशुल्क अकुपन्चर उपचार तथा मसाज थेरापी कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रम ग्रिनसिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगर-१० को प्राङ्गणमा सम्पन्न भएको हो । सो कार्यक्रमको प्रमुख अतिथि वडा प्रहरी कार्यालय बिर्ताका प्रमुख निरोज चौलागाईं रहेका थिए भने कार्यक्रमको अध्यक्षता केन्द्रका अध्यक्ष जय प्रकाश खेतानले गरेका थिए ।

स्टार होलिस्टिक हिलिङ, काठमाडौंबाट आएका डा. आदित्य अग्रवाल केडिया, श्रीजा श्रेष्ठ, केम्स सिंह र मनिष गोयलको टोलीले वीरगंजका सर्वसाधारणलाई निःशुल्क

बाँकी अन्तिम पृष्ठमा

# वीरगंजमा भ्रष्टाचारविरुद्ध जेन-जी पुस्ताको आन्दोलन शुरु



**अभिलाष गुप्ता**
***बीरगंज, २३ भदौ ।***
देशव्यापी रूपमा फैलिएको भ्रष्टाचारविरुद्धको जेन-जी पुस्ताको आन्दोलन वीरगञ्जमा पनि सुरु भएको छ । वीरगञ्जको प्रमुख सार्वजनिक स्थल घण्टाघरमा आज बिहानैदेखि युवाहरूको बाक्लो उपस्थिति रह्यो । कसैले कलेजको पोशाकमै उपस्थित भएर आफ्नो आक्रोश देखाए भने कतिले कालो पोशाक धारण गरी विरोध

बाँकी अन्तिम पृष्ठमा

## विश्रामपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः- २०८२/०५/२४)

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन सूचना प्रवाह, समस्यामा परेकाहरुको न्यायका लागि सहजीकरण गर्न र मानसिक स्वास्थ्यका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गर्न र अन्य विभिन्न सचेतनामूलक कार्यहरु सम्पादन गर्नका लागि निम्नानुसारको जनशक्तिहरु करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्य, अनुभवी ईच्छुक नेपाली नागरिकले माँग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित १५ (पन्द्रह) दिन भित्र कार्यालय समयमा प्रशासन शाखामा आवेदन पेश गर्न आहवान गरिएको छ।

**तसशिलः**

| विज्ञापन नं. | पद | तह | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| ०१-२०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता | सहायक पाँचौ तह सरह | १ (एक) जना | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविधालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/ समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिईनेछ।<br>- कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, Power point, Email/Internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने।<br>- महिलालाई विशेष प्राथमिकता दिईनेछ।<br>**SaMi कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा:**<br>- कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी सो केन्द्रबाट प्रमाण पत्र प्राप्त गरेको र केन्द्रको तालीम सूचना व्यवस्थापन प्रणालीमा सूचिकृत भएको। |

१. **कार्य अवधी:** २०८३ अषाढ मसान्त सम्म तर आवश्यकता तथा कार्य सम्पादनको आधारमा नवीकरण गर्न सकिनेछ।
२. **परीक्षाको किसिम :** लिखित, प्रयोगात्मक र अन्तर्वार्ताबाट छनौट गरिनेछ।
३. **आवेदन दस्तुर :** रु. ७००/- मात्र (अक्षरेपी रु. सात सय मात्र)
४. **उमेरको हद :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
५. **दरखास्त दिने स्थान :** बिश्रामपुर गाउँ कार्यपालिकाको कार्यालय, बिश्रामपुर, बारा।
६. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु :** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजात पेश गर्नुपर्नेछ।
स्पष्ट पद सहित निवेदन पत्र, व्यक्तिगत बायोडाटा, नेपाली नागरिक्ताको प्रमाण पत्रको प्रतिलिपी, शैक्षिक प्रमाण पत्रको प्रतिलिपी, कार्य अनुभवको प्रतिलिपी र तालिम प्रमाण पत्रको प्रतिलिपी
७. **तलब सुविधा तथा अन्य :** सेवा करार सम्झौता बमोजिम हुनेछ।
८. **छनौट प्रक्रिया :** प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र परीक्षा प्रक्रियामा समावेशमा गरिनेछ र समावेशी भर्ना प्रक्रिया अवलम्बन गरिनेछ।
९. **दरखास्त बुझाउने अन्तिम मिति :** २०८२/०६/०७ गते बेलुका ५:०० बजे सम्म। (अन्तिम दिन बिदा परेमा सो को भोली पल्ट)

**सुनिल प्रसाद केशरी**
**प्रमुम प्रशासकीय अधिकृत**

## सम्पादकीय...

# प्राथमिकतामा राजमार्ग

सडक पूर्वाधार नै विकासको जीवनरेखा हो। सडकबिना विकास सम्भव हुँदैन। सडक राजनीति हो, अर्थतन्त्र हो, कूटनीति पनि हो। समाजको अभिन्न अङ्ग हो, संस्कृति हो। अनि विकासको पूर्वाधार पनि। सडक सञ्जालको व्यापकताले दुरी छोट्याउने मात्र नभई गाउँको उत्पादनलाई सहरसम्म पुर्‍याउँछ, थातथालो छोड्नेको सङ्ख्यामा कमी आउँछ। सडकले गाउँ र सहरलाई जोड्छ। विकासको असन्तुलन घटाई सन्तुलनमा ल्याउँछ। सडक सञ्जालले नुन, तेल, खाद्यान्न तथा अन्य आवश्यक वस्तुको सहज उपलब्धता दिलाउँछ। त्यही भएर वर्तमान सरकारले सडक पूर्वाधार विकासलाई उच्च प्राथमिकतामा राखेको छ। सडक पूर्वाधारमार्फत कृषि, व्यापार, उद्योग र पर्यटनको विकास गरी जनताको जीवनस्तर उकास्ने उद्देश्य राखिएको छ। अहिले सङ्घीय सरकारले एकै पटक २१ वटा राजमार्ग निर्माण गरिरहेको छ। मुलुकको पूर्वबाट पश्चिम र उत्तरबाट दक्षिण सिमाना छिचोल्ने गरी राजमार्ग निर्माण भइरहेका छन्। तीमध्ये सडक विभाग अन्तर्गत २० वटा र नेपाली सेनाको व्यवस्थापनमा काठमाडौँ/तराई-मधेश द्रुतमार्ग निर्माण भइरहेको छ। पहाडमा चार घण्टा र तराईमा दुई घण्टाको पैदल दुरीमा पक्की सडक सुविधा पुर्‍याउने दीर्घकालीन सडक गुरुयोजना अनुसार राजमार्ग निर्माण भइरहेका हुन्। राष्ट्रिय गौरवको आयोजनामा सूचीकृत गरी पूर्वपश्चिम जोड्ने तीन वटा र उत्तर दक्षिण सिमाना जोड्ने दुई राजमार्ग निर्माणाधीन छन्।

मध्यपहाडी जिल्लालाई जोड्ने पुष्पलाल राजमार्ग ( मध्यपहाडी लोकमार्ग) को काम अन्तिम चरणमा पुगेको छ। मुलुकलाई पूर्वपश्चिम जोड्ने पूर्वपश्चिम राजमार्ग र हुलाकी राजमार्गपछिको यो तेस्रो राजमार्ग हो। एक हजार ८७९ किलोमिटर कुल लम्बाइ रहेको यो राजमार्गको निर्माण आव २०६४/६५ देखि योजनाबद्ध रूपमा सुरु गरिएको हो। मुलुकको पूर्वबाट पश्चिमी सिमाना छिचोल्ने यस राजमार्गको निर्माण आव २०८४/८५ सम्म सम्पन्न गर्ने लक्ष्य छ। त्यस्तै तराई-मधेशका जनताको जीवनस्तर उकास्ने उद्देश्य राखेको हुलाकी राजमार्गको काम अब करिब एक तिहाइ मात्र बाँकी छ। तराईका २० वटै जिल्ला हुँदै निर्माण भइरहेको यस राजमार्गले त्यस क्षेत्रका ७५ प्रतिशत गाउँबस्तीलाई सडक सञ्जालसँग जोडी मुलुकको झन्डै आधा जनसङ्ख्यालाई प्रत्यक्ष लाभ पुर्‍याउने विश्वास गरिएको छ। मुलुकको पूर्वपश्चिम जोड्ने चौथो राजमार्गका रूपमा निर्माणाधीन मदन भण्डारी राजमार्ग २०७५ जेठ ८ गते नेपाल सरकारले स्वीकृत गरेको थियो। एक हजार २५० किलोमिटर यो राजमार्ग नेपालको पूर्वी सीमा (मेची नदी) देखि चुरे भावर तथा भित्री मधेश छिचोल्दै पश्चिमी सीमा ( महाकाली नदी) सम्म पुग्छ। यो राजमार्ग झापा बाहुनडाँगीबाट सुरु भई चुलाचुली, धरान, गाईघाट, सप्तरी, सिन्धुलीमादी, हेटौँडा, गैँडाकोट, रामपुर, तम्घास, सिमलटारी, प्युठानको मच्छी, घोराही, सुर्खेत, सहजपुर, जोगबुडा हुँदै रुपालसम्म पुग्ने छ। त्यस्तै १४२ किलोमिटरको उत्तर-दक्षिण राजमार्ग अन्तर्गत कोशी कोरिडोरको निर्माण जारी छ।

त्यसै गरी उत्तर-दक्षिण राजमार्ग अन्तर्गतकै कालीगण्डकी कोरिडोरको काम अब करिब एक चौथाइ मात्र बाँकी छ। यस कोरिडोरको कुल लम्बाइ ४९५ किलोमिटर छ। राष्ट्रिय गौरवका आयोजनामध्येको एक यो कोरिडोर निर्माणपछि १० जिल्लाका करिब १० लाख जनताले सिधा पहुँच पाउने छन्। यो कोरिडोर अन्तर्गत त्रिवेणीधाम, देवघाटधाम, राम्दीघाट, रानीघाट, रुद्रवेणी, सेतीवेणी, पूर्तिघाट, ज्यामिरेघाट, पाल्पा भैरवस्थान, बागलुङ कालिका, गलेश्वरधाम, कागबेनी, मुक्तिनाथ, दामोदरकुण्ड जस्ता महत्वपूर्ण तीर्थस्थल र १४८ वटा घाट छन्। कोरलाबाट २५७ किलोमिटर पार गरेपछि कैलाश मानसरोवर पुगिने भएकाले यो मार्ग धार्मिक पर्यटनका लागि समेत उत्तम मानिएको छ। त्यस्तै मुलुककै पुरानो सडक आयोजनाका रूपमा कान्ति लोकपथ रहेको छ। सङ्घीय राजधानी काठमाडौँ र बागमती प्रदेशको राजधानी हेटौँडा जोड्ने छोटो सडकका रूपमा रहेको यो राजमार्गको कुल लम्बाइ ७९ किलोमिटर छ जसमध्ये मकवानपुरतर्फ ५१ किलोमिटर र बाँकी ललितपुरमा पर्छ।

त्यस्तै गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी सडक आयोजना, महाकाली कोरिडोर अन्तर्गत ब्रह्मदेव-झुलाघाट-दार्चुला-टिङ्कर सडक, डुम्रेबेँसीसहर-चामे-मनाङ सडक, सगरमाथा राजमार्ग (गाईघाट-दिक्तेल खण्ड), मिर्चैया-कटारी- घुर्मी सडक, सेती राजमार्ग अन्तर्गत टीकापुर-लोडे-चैनपुर-ताक्लाकोट सडक, गोरखा सडक योजना, ककहवा-रुद्रपुर-सालझन्डी-सन्धिखर्क-ढोरपाटनलगायतका सडक निर्माण भइरहेका छन्। राष्ट्रिय महत्वका यी सडक निर्माण सम्पन्न भएपछि मुलुकका सबै भाग सडक सञ्जालमा जोडिने छन्। मुलुकको समग्र विकासका लागि सडक सञ्जाल कोसेढुङ्गा साबित हुने छ।

# जनसंख्या वृद्धि गर्न हतार नगरौं

*दीर्घराज श्रेष्ठ*
*काठमाडौँ, २३ भदौ।*



नेपालमा राष्ट्रिय जनगणना, २०७८ को नतिजापश्चात् देशको जनसंख्या वृद्धिदर र प्रजननदरमा कमी आएकाले भविष्यमा जनसंख्या ऋणात्मक हुन्छ कि भनेर चिन्ता व्यक्त गर्दै आगामी समयमा जनसंख्या बढाउनेबारे छलफल र चासो बढ्दै गएको छ। यही विषयलाई केन्द्रबिन्दु बनाएर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले हालै तयार गरेको नयाँ जनसंख्या नीतिमा भविष्यमा जनसंख्या बढाउनका लागि विभिन्न योजना बनाइएका छन्।

सोही नीतिको लोकार्पणका अवसरमा सम्मानीय प्रधानमन्त्रीले नेपालमा जनसंख्या बढाउनका लागि महिलाले २० देखि ३० वर्षको अवधिमा कम्तीमा ३ वटा बच्चा जन्माउन आह्वान पनि गर्नुभयो। जनसंख्या नीति आउनु र प्रधानमन्त्रीले तीनवटा बच्चा जन्माउन सल्लाह दिएपछि विभिन्न समूहको औपचारिक र अनौपचारिक भेटघाट, बैठक, सभा र सम्मेलनमा यस विषयमा अझ बढी छलफल हुनुका साथै सञ्चारमाध्यममा पनि यो विषयमा प्रचारप्रसार भइरहेको छ। तर, यो विषयमा राष्ट्रिय मार्ग के कस्तो हुनुपर्छ भन्ने सन्दर्भमा गहन रूपमा विचारविमर्श गरिनु आवश्यक छ।

यसै परिप्रेक्षमा विगत लामो समयदेखि प्रजनन स्वास्थ्य र परिवार योजना क्षेत्रमा कार्यरत जनस्वास्थ्यकर्मीका हैसियतले यस विषयमा हामीले केही प्रकाश पार्ने प्रयास गरिरहेका छौं।

वि.सं. २०७८ को जनगणना अनुसार नेपालको जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ छ। वि.सं. २०६८ मा नेपालको जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ४ थियो। गत १० वर्षको अवधिमा नेपालमा २६ लाख ७० हजार ७४ जनसंख्या वृद्धि भएको छ। यस तथ्यांक अनुसार नेपालमा प्रतिवर्ष औसत २ लाख ६७ हजार ७ जनसंख्या वृद्धि भइरहेको छ। जनसंख्या वृद्धिदर सन् १९७१ देखि २००१ सम्मको २ प्रतिशतभन्दा बढी थियो र यो घटेर सन् २०११ मा १.३५ प्रतिशत र सन् २०२१ मा ०.९२ प्रतिशत देखियो। त्यसैगरी नेपालमा २०७८ मा कुल प्रजननदर घटेर १.९४ पुगेको छ। अर्थात् नेपालमा हाल सय जना महिलाले आफ्नो प्रजनन अवधिमा १ सय ९४ बच्चा जन्माउँछन्।

जनसंख्यालाई स्थिर राख्नका लागि सामान्यतया एक जना महिलाले २.१ अर्थात् सय जनाले २ सय १० जना जन्माउनुपर्छ। यसलाई जनसंख्याको भाषामा प्रतिस्थापन तह भनिन्छ। केही जिल्लामा पहिलाभन्दा जनसंख्या ऋणात्मक भएको देखाएको छ। कुल प्रजननदर र जनसंख्या वृद्धिदर दुवैमा कमी आएको र केही जिल्लामा जनसंख्या ऋणात्मक पनि भएकाले अब जनसंख्या बढाउनु नै उपयुक्त समाधान हो कि भनेर भाष्य निर्माण हुँदै गएको छ।

***बसाइँसराइले पारेको प्रभाव***

नेपालको संविधानले मौलिक हकअन्तर्गत नागरिकलाई आफ्नो आर्थिक, सामाजिक र व्यक्तिगत क्षमता विकास र सुख-सुविधा उपभोगका लागि एक ठाउँबाट अर्को उपयुक्त स्थानमा बसाइँसराइ गर्ने र काम गर्ने अधिकार दिएको छ। यो अधिकारको प्रयोग गरी हाल बसाइँसराइ गर्ने दर वृद्धि भएको छ।

नेपालमा आन्तरिक बसाइँसराइका साथै अन्तर्राष्ट्रिय

बाँकी तेस्रो पृष्ठमा

# विद्याको ब्लन्डर, ओलीको मोनोपोली

*राजाराम गौतम*
*काठमाडौँ, २३ भदौ।*

भन्ने गरिन्छ, राजनीतिमा स्थायी शत्रु अथवा मित्र हुँदैनन्, केवल स्थायी हित र चासो हुन्छन्। प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओली र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी दुवैलाई यो कुरा थाहा नभएको होइन। तर, कुनै बखतका घनिष्ठ यी दुई 'राजनीतिक मित्र' ले सायदै सोचेका थिए, न्यानो सम्बन्ध यसरी एक दिन तिक्तता र शत्रुतापूर्ण हुनेछ।

राजनीति निर्मम हुन्छ। यतिबेला ओली र भण्डारी एकअर्काविरुद्ध 'निर्ममतापूर्वक' आमने-सामने भएका छन्। भण्डारी जसरी पनि एमालेको राजनीतिमा फर्किन चाहन्छिन्। उनको नजर ओलीको 'सिंहासन' मा छ। ओली जुनकुनै हतकण्डा अपनाएर भए पनि उनलाई रोक्न चाहन्छन्। खासमा, पूर्वराष्ट्रपति भण्डारीलाई एमालेको नेतृत्वमा फर्किने आकांक्षा जगाइदिने ओली नै हुन्। भित्री कोठाहरूमा मात्रै होइन, मिडिया अन्तर्वार्ताहरूमै ओलीले राष्ट्रपति पदबाट बाहिरिएपछि सक्रिय राजनीतिमा फर्किन हुने वकालत गरेका थिए। अहिले उनी भण्डारीलाई राष्ट्रपतिको पदको गरिमा सम्झाउँदै छन्। तर, भण्डारीले राष्ट्रपतिको गरिमा न पदमा रहँदा बुझिन्, न त अहिले नै बुझ्न तयार छिन्।

उनलाई पूर्वराष्ट्रपतिको सम्मानभन्दा ज्यादा एमालेकी पूर्वउपाध्यक्ष भनिँदा आफ्नोपनको अनुभूति हुन्छ, सायद। त्यसैले उनी एमाले फर्किन मरिहत्ते गर्दै छिन्।

आखिर भण्डारीमा किन यतिसारो एमाले-मोह बढेको हो ? के उनी एमालेको परिचयमा अधिक अपनत्व महसुस गर्छिन् ? मुलुकको सर्वोच्च पदमा पुगेर सत्ता अभ्यास गरिसकेको व्यक्ति किन फेरि पदप्राप्तिका लागि मरिहत्ते गर्छ होला ? कुन मनोविज्ञानले प्रेरित भएर सत्ताकांक्षी भावना बढ्ला ? भण्डारीमा जागृत अति मोह देख्दा यी प्रश्न स्वाभाविक उब्जिन्छन्।

भण्डारीले समाज र देश सेवाका लागि फेरि राजनीतिमा सक्रिय हुन खोजेको दलिल पेस गरेकी छन्। तर, के समाज र देशको सेवाका लागि नैतिक मूल्य र मर्यादा नाघ्नैपर्छ ? निश्चय पनि संविधानले पूर्वराष्ट्रपतिलाई राजनीतिमा आउनबाट रोक्दैन। यो केवल व्यक्तिको विवेकमा भरपर्ने कुरा हो। तर, पूर्वराष्ट्रपतिका हैसियतले नै के देश/समाज सेवाका लागि सक्रिय हुन सकिँदैन ? दृष्टान्तहरू खोज्दा, पूर्वराष्ट्रपतिले दैनन्दिन राजनीतिमा नफर्की समाज र देशका लागि योगदान गरेका मनग्गे नजिर भेटिन्छन्। जस्तो कि, दक्षिण अफ्रिकाका राष्ट्रपति

नेल्सन मन्डेलाले मानवअधिकार र शान्ति पुनःस्थापनाका लागि काम गरे। उनी भन्थे, 'राष्ट्राध्यक्ष भएपछिको जीवनमा पनि विवेक र सद्भावको संयोजन सशक्त हुन्छ।' अमेरिकी राष्ट्रपति जिम्मी कार्टरले अवकाश पाएपछि भनेका थिए, 'अब म स्वतन्त्र भएको छु। मसँग एउटा जीवन छ र त्यसलाई अर्थपूर्ण बनाउने अवसर आएको छ। जुन सही लाग्छ, त्यो गर्ने मौका आएको छ।'

कार्टरले अवकाशपछि निष्पक्ष निर्वाचनको वकालत, लोकतन्त्र र विश्वका विभिन्न ठाउँमा शान्ति प्रक्रियाहरू अघि बढाउने अभियानमा डटे ।यभण्डारी कुन मनोविज्ञानबाट निर्देशित छिन्, त्यो उनैले जानुन्। तर, उनमा जागेको एमाले-मोह निरर्थक र औचित्यहीन छ। नजिर खोज्न टाढा जानै पर्दैन, नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवले आफूलाई नागरिकस्तरमा सीमित राखेर अवकाशपछिको पदीय गरिमा बचाएका छन्। उनले देशको हितमा आवश्यक परे सुझाव दिने तर राजनीतिमा नफर्किने बचनबद्धता अवकाशपछि प्रकट गरेका थिए, जुन अद्यापि निर्वाह गरिरहेका छन्।

भण्डारीसामु पनि एमालेमा नफर्की गर्न सकिने यस्ता अनेक विकल्पहरू छन्। पहिलो कुरा त उनले सक्रिय राजनीतितिर नफर्की सामाजिक रूपमा आफूलाई क्रियाशील गराउने हो भने एउटा असल परम्पराको स्थापना गर्न सक्छिन्। संविधान वा कानुनमा अड्चन छैन भन्दैमा नैतिक मूल्यलाई कुल्चिनु विवेकी कदम होइन। दोस्रो, उनले महिला शिक्षा र महिलाहरूको विभेदविरुद्ध अभियान नै चलाएर सक्रिय रहन सक्छिन्। जस्तो कि, सुदूरपश्चिममा अझै कायम छाउपडी प्रथाविरुद्ध कैयौं अभियान अघि बढिसके तर आज पनि छाउगोठमै महिलाहरू सर्पको टोकाइबाट मारिन विवश छन्। यसखाले सामाजिक अन्धविश्वास र रुढीविरुद्ध पूर्वराष्ट्रपतिका हैसियतले सक्रिय हुने हो भने उनले एमाले कार्यकर्ता पंक्तिको मात्रै होइन, आम जनताकै साथ पाउनेछिन्।

तेस्रो, राष्ट्रपति जस्तो उपल्लो ओहोदामा पुगेको व्यक्तिको अनुभव, ज्ञान राष्ट्र निर्माणमा, नयाँ पुस्ताका लागि उपयोगी हुन्छ। उनले ज्ञान र अनुभवको हस्तान्तरण गर्ने ढंगले पनि सोच्न सक्छिन्। उदाहरणका लागि, पुस्तक लेखनमार्फत आफ्ना ज्ञान र अनुभवलाई लिपिबद्ध गर्ने, विभिन्न अन्तर्क्रियाहरूमा सामेल भई नयाँ पुस्तासँग जोडिने गर्न सक्छिन्। चौथो, उनले नेपाली महिलाहरूको नेतृत्वको विकासमा लागिपर्न सक्छिन्। उनले आफूलाई यस्ता अरू थुप्रै रचनात्मक कर्महरूतिर लगाउन सक्छिन्। तर, नेपाली राजनीतिको विडम्बना नै भन्नुपर्छ, अवकाश भइसकेपछि वा अवकाश हुनुपर्ने राजनीतिक नेतृत्व सत्ता राजनीतिको मृगतृष्णामा भट्किरहन्छ।

एकजना ज्ञाता लर्ड एक्टनले उहिल्यै भनेका रहेछन्, 'सत्ता प्राप्त गरेपछि मानिसमा त्यो गुमाउने डर जाग्छ। सत्ता गुम्ने डरले नै मान्छेलाई बारम्बार सत्तामा फर्किने मनोवृत्तितर्फ डोराइराख्छ।' कतिपय राजनीतिक

बाँकी तेस्रो पृष्ठमा

घरबाट निस्केको फोहोरडस्टबिनमा हालौ,सभ्यताको परिचय दिऔं।
वीरगंज महानगरपालिका

जन्म दर्ता,मृत्युदर्ता, विवाह दर्ता सम्बन्ध विच्छेद र व्यक्तिगत घटना समयमै दर्ता गराऔं।
पर्सागढी नगरपालिका

घरघरमा सौचालय बनाऔ, राष्ट्रिय अभियानमा सहयोग पुँयाऔं।
बहुदरमाई

स्वरोजगार बनौ गरिबी हटाऔं।
कालिकामाई गाउँपालिका

सडक किनारामा गाईबस्तु नछोडौ, सभ्य नागरिक बनऔं।
पोखरिया नगरपालिका

# खेलकुद समाचार

## एकदिवसीय शृङ्खलाको तेस्रो खेलमा इङ्ल्याण्डले दक्षिण अफ्रिकालाई फराकिलो अन्तरले हरायो



***काठमाडौं, २३ भदौ ।***

एकदिवसीय शृङ्खलाको तेस्रो तथा अन्तिम खेलमा इङ्ल्याण्डले दक्षिण अफ्रिकालाई फराकिलो अन्तरले हराएको छ ।

गएराति भएको खेलमा इङ्ल्याण्डले दक्षिण अफ्रिकालाई तीन सय ४२ रनले पराजित गरेको हो । इङ्ल्याण्डले दिएको चार सय १५ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिका २० ओभर पाँच बलमा ७२ रनमा अलआउट भयो । दक्षिण अफ्रिकाका कोबिन बोशले २० रन बनाए । दक्षिण अफ्रिकाका जोफ्रा आर्चरले चार विकेट लिए ।

यस्तै आदिल रशिदले तीन र ब्राइडन कार्सेले दुई विकेट लिए । त्यसअघि साउथह्यामटनमा टस हारेर ब्याटिङ गरेको इङ्ल्याण्डले पाँच विकेट गुमार चार सय १४ रन बनायो । इङ्ल्याण्डका लागि याकूब ग्राहम बेथेल र जोय रुटले शतकीय पारी खेले । बेथेलले एक सय १० र रुटले एक सय रन बनाए ।

यस्तै जेमी स्मिथ र जोस बटलरले समान ६२ रन बनाए । दक्षिण अफ्रिकाका कोर्बिन बोश र केशव महाराज समान दुई विकेट लिए । यौसँगै तीन खेलको शृङ्खला दक्षिण अफ्रिकाले २-१ ले जितेको छ । पहिलो र दोश्रो खेलमा इङ्ल्याण्डलाई हराएको दक्षिण अफ्रिका तेश्रो खेलमा फराकिलो अन्तरले हारेको हो ।

दुवै टोलीबीच तीन खेलको टी-२० ट्वान्टी शृङ्खला पर्सि बुधवार कार्डिफमा शुरु हुँदैछ ।

## अफगानिस्तानलाई हराउँदै त्रिदेशीय टी-२० शृङ्खलाको उपाधि पाकिस्तानले जित्यो

***काठमाडौं, २३ भदौ ।***

त्रिदेशीय टी-२० शृङ्खलाको उपाधि पाकिस्तानले जितेको छ । गएराति भएको खेलमा पाकिस्तानले अफगानिस्तानलाई ७५ रनले हराउँदै उपाधि जितेको हो । पाकिस्तानले दिएको एक सय ४३ रनको लक्ष्य पछ्याएको अफगानिस्तान १५ ओभर पाँच बलमा ६६ रनमा अलआउट भयो । अफगानिस्तानका कप्तान रशिद खानले १७ र सेदिकुल्लाह अटलले १३ रन बनाए ।

पाकिस्तानका मोहम्मद नवाजले पाँच विकेट लिए । यस्तै सुफियान मुकीम र अबरार अहमदले दुई तथा शाहीन शाह अफ्रिदीले एक विकेट लिए । त्यसअघि शारजहामा टस जितेर ब्याटिङ गरेको पाकिस्तानले आठ विकेट गुमाउर एक सय ४१ रन बनायो । पाकिस्तानका फखर जमानले २७, मोहम्मद नवाजले २५ तथा सलमान आगाले २४ रन बनाए ।

अफगानिस्तानका रशिद खानले तीन, फजलहक फारुकी र नूर अहमदले दुई तथा एएम गजन्फरले एक विकेट लिए । युएईको आयोजनामा भएको त्रिदेशीय शृङ्खलाको शीर्ष दुईमा रहेका टोलीबीच फाइनल खेल भएको हो ।

समान चार खेलमा ६ अङ्कसहित पाकिस्तान र अफगानिस्तान फाइनल पुगेका हुन् । घरेलु टोली युएईले कुनै पनि खेल जित्न सकेन । यो शृङ्खला तीन वटै टोलीले आउँदो एशिया कपको तयारीका रूपमा लिएका छन् ।

### जनसंख्या..................

बसाइँसराइ पनि बढ्दै गएको छ । यसरी धेरै आन्तरिक र अन्तर्राष्ट्रिय बसाइँसराइका कारणले पनि जनसंख्या गणना प्रभावित भएर तथ्यांकमा कमी देखिने प्रबल सम्भावना देखिन्छ । नेपालमा प्रयोग भएको जनगणना विधि अनुसार जनगणना गर्दा हाल बसोबास गर्ने ठाउँलाई मुख्य आधार मानिएको छ र कुनै व्यक्ति ६ महिनाभन्दा बढी आफ्नो स्थायी घरभन्दा बाहिर रहेको खण्डमा त्यस्ता व्यक्तिलाई अनुपस्थित जनसंख्याका रूपमा लिइएको छ ।

नेपालको जनगणना, २०७८ अनुसार हाल जम्मा जनसंख्याको ७.५ प्रतिशत अर्थात् २१ लाख ९० हजार ५ सय ९२ जना विभिन्न कामका लागि देशबाहिर गएको देखिन्छ । तीमध्ये केवल १०.७ प्रतिशत भारतमा गएका छन् । यी दुवै तथ्यांक विश्वास गर्नै गाह्रो छ । किनभने, विभिन्न स्रोतका अनुसार करिब ५० लाख व्यक्ति देशबाहिर रहेको अनुमान छ । अझ भारतमा गएका नेपालीको संख्या केवल २ लाख ३४ हजार ३ सय ९३ मात्र जनणनामा देखाइनुले पनि जनगणनामा उल्लेखित तथ्यांकले मात्रै वर्तमान जनसांख्यिक अवस्थालाई पूर्ण रूपमा झल्काउन सक्दैन कि भन्ने प्रश्न खडा भएको छ । चाडपर्वको समयमा नेपाल-भारत सिमानामा देखिने नेपालीको चापले पनि भारतमा काम गर्न जानेको संख्या अझै धेरै छ कि भन्ने चासोलाई जायज मान्न सकिन्छ ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालमा आन्तरिक बसाइँसराइको दर अर्थात् नेपालभित्र आफ्नो जन्मस्थान छोडी बसाइँ सर्नेको अनुपात २९.२ प्रतिशत छ । आन्तरिक बसाइँसराइ गर्ने सबैभन्दा बढी पहाडमा देखिएको छ, जहाँबाट ३२ प्रतिशत मानिस सरेको देखिएको छ । यसपछि तराईबाट २८.९ प्रतिशत र हिमाली क्षेत्रबाट १३.८ प्रतिशत सरेको देखिएको छ । हाल नेपालको आधाभन्दा बढी ( ५३.६ प्रतिशत) जनसंख्या तराईको २३ प्रतिशत भूभागमा छन् भने ४०.३ प्रतिशत पहाडमा र ६.१ प्रतिशत हिमाली भूभागमा छन् ।

नेपालको जनसंख्याको करिब दुईतिहाइ जनसंख्या अर्थात् ६६.१७ प्रतिशत सहरी भूभागमा ( नगरपालिकाहरूमा) र करिब एक तिहाइ अर्थात् ३३.८३ प्रतिशत ग्रामीण भेगमा (गाउँपालिकाहरू) बसोबास गरिरहेको छ । विशेष गरी ठूला सहरहरूमा र नयाँ ठाउँहरूमा बसाइँसराइका व्यक्तिहरू भाडामा बस्ने, कोहीको बस्ने ठेगाना नै नहुने र पाहुनाका रूपमा रहने हुन सक्छ । हुन त जनगणना गर्दा त्यस्ता व्यक्तिहरूको संख्यालाई समेट्न खोजिएको छ तर पनि उनीहरूको यकिन तथ्यांक हराउने वा नसमेटिने सम्भावना धेरै हुन्छ । जनगणना गर्ने समयमा हाम्रो घरमा त गणकहरू आएनन् नि भनेर चर्चा परिचर्चा भएकोबाट पनि यो पुष्टि हुन्छ । नेपालको जनसंख्यामा आएको कमी स्थायी प्रकृतिको नभई अस्थायी प्रकृतिको पनि हुन सक्छ । त्यसैले नेपालको जनसंख्याको अवस्थालाई गहिरो रूपमा अध्ययन नगरी अहिले नै जनसंख्या कम भयो र बढाउनुपर्‍यो भनेर धेरै चिन्ता लिनु नपर्ने हुन सक्छ ।

विगतमा पनि जनसंख्या वृद्धिमा कमी आएर पछि बढेका प्रमाणहरू छन् । त्यसैले यस विषयमा अझ गहन अध्ययन र छलफल गरेर मात्र निचोडमा पुग्नुपर्छ भन्ने हाम्रो विचार तथा सल्लाह हो ।

***कुल प्रजननदर र जनसंख्या वृद्धि***

कुल प्रजननदरले जनसंख्या वृद्धिमा प्रत्यक्ष रूपमा प्रभाव पार्दछ । नेपालमा २०३८ मा कुल प्रजननदर ६.३९ रहेको थियो । त्यसबेला एक जना महिलाले आफ्नो प्रजनन अवधिमा करिब ६ जनाभन्दा बढी बच्चा जन्माउँथे ।

### विद्याको..................

नेतृत्वलाई चाहिँ आफू नहुँदा सबै कुरा डुब्छ र देश नै असफल हुन्छ भनेझैं लाग्छ । केही साताअघि मात्रै माओवादी अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) एउटा सार्वजनिक कार्यक्रममा यस्तै भन्दै थिए, 'राजनीतिको खाँबो आफूले छोडे गर्ल्यामगुर्लुम भत्किहाल्छ कि भन्ने लाग्छ ।' नेताहरूमा आत्मश्लाघामा रमाउने मनोवृत्ति ज्यादा हुनुले पनि सत्ताकांक्षी बनाइराख्छ । त्यस्तै संस्थागत उत्तराधिकारीको प्रणाली र पद्धति कमजोर हुँदा पनि बारम्बार एउटै व्यक्ति सत्ता र शक्तिको शिरमा बसिराख्छ । अनि, अधुरो महत्त्वाकांक्षा, जनताले समर्थन गरिरहेका छन् भन्ने भ्रम, अनि आत्मकेन्द्रित सोचले पनि व्यक्तिलाई सत्ता-मोहको जालमा राखिराख्छ ।

भण्डारी कुन मनोविज्ञानबाट निर्देशित छिन्, त्यो उनैले जानुन् । तर, उनमा जागेको एमाले-मोह निरर्थक र औचित्यहीन छ । सबैभन्दा ठूलो कुरा, एमालेको ठूलो कार्यकर्ता पंक्ति नै पनि उनी एमालेमा फर्केको हेर्न चाहँदैन । प्रचार विभागका नेता राजेन्द्र गौतमले दाबी गरेअनुसार, एमालेको विधान महाधिवेशनमा सहभागी झन्डै ९९ प्रतिशत प्रतिनिधिले संस्थापनको पक्षमा मत जाहेर गरेका छन् । अर्थात् ओली जे चाहन्थे, एमालेको दोस्रो विधान महाधिवेशनले उनको त्यही चासो सम्बोधन गरेर सकिएको छ । मुख्यतः ओलीका दुई चासो थिए । पहिलो, उनी ७० वर्षे उमेर हद र कार्यकारी पदमा दुई कार्यकाल मात्रै रहने प्रावधानलाई विधानबाट योजनाबद्ध रूपमा हटाउन चाहन्थे । पार्टीभित्र यो लोकतान्त्रिक विधिलाई संशोधन गर्न नहुने बलियो मतका बाबजुद गुटबन्दीका प्रणेता नेता ओलीले आगामी दिनको नेतृत्वमा आफैं दोहोरिने नियत राखेर उक्त प्रावधान हटाए । हालाकी, नेतृत्वको ७० वर्षे उमेर हद र कार्यकारी पदमा दुई कार्यकालको प्रावधान उनैको प्रयत्नमा विधानमा समेटिएको थियो ।

दोस्रो, उनलाई पूर्वराष्ट्रपति भण्डारीको एमालेमा फर्कने प्रयत्न पटक्कै मन परेको थिएन । उनले नवीकरण भइसकेको भनिएको भण्डारीको सदस्यता खारेज गरिदिएर यसअघि नै एमाले फर्किने ढोका बन्द गरिदिएका थिए । यद्यपि, भण्डारीले विधान महाधिवेशनमा सरिक कार्यकर्ता पंक्तिमा यो मुद्दा उठाइदिन 'याचना' नै गरिन् । उनले चिठी र भिडियो सन्देशमार्फत गोदावरीमा भेला भएका कार्यकर्तालाई अपिल गरिन् । अपिलपछि महाधिवेशनमा सहभागी कतिपय प्रतिनिधिहरूले उनलाई एमालेमा आउन रोक्न नहुने धारणा राखे । तर, ओलीले सहभागी प्रतिनिधिबाट आएको यो सुझावलाई पनि ग्रहण गरेनन् । र, विधान महाधिवेशनले पनि उनी एमाले फर्किने बाटो रोक्यो ।

बहुसंख्यक महाधिवेशन प्रतिनिधिहरूले राष्ट्रपति जस्तो मर्यादित संस्थामा बसेको व्यक्ति पुनः सक्रिय राजनीतिमा फर्किनु नहुने भन्दै लोकतान्त्रिक संस्कार जीवित राख्न आग्रह गरेका छन् । एमालेहरूले घरेलु राजनीतिक गुटगत आग्रह र सन्तुलनलाई ध्यानमा राखेर यसो भने पनि यो सही निष्कर्ष नै हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### प्रहरी

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय पर्सा | ०५१-५२२१५१,१०० |
| जिल्ला ट्राफिक कार्यालय पर्सा | ०५१-५२५३०३ |
| वडा प्रहरी कार्यालय वीर्ता | ०५१-५२१६५२ |
| वडा प्रहरी कार्यालय श्रीपुर | ०५१-५२२६५१ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| जिबिस एम्बुलेन्स सेवा | ०५१-५२२०२२ |
| रक्त सञ्चार केन्द्र बीरगंज | ०५१-५२२५०४ |

### बिधुत

| | |
|---|---|
| नेपाल बिधुत प्राधिकरण | ०५१-५२२०५० |
| फ्यून शाखा माईस्थान | ०५१-५२२०४८ |

### अस्पताल

| | |
|---|---|
| नारायणी उप क्षेत्रीय अस्पताल | ०५१-५२२१५३ |
| केडिया आखा अस्पताल | ०५१-५२१३८२ |
| वीरगंज सामुदायीक आँखा अस्पताल | ०५१-२२९३२२ |
| ए. एम. सी. अस्पताल | ०५१-५२५३१६ |
| बीरगंज नर्सिङ होम | ०५१-५२१८८३ |
| शाह नर्सिङ होम | ०५१-५२१४७१ |
| श्री राम अस्पताल | ०५१-५२१९४४ |
| केडिया डेन्टल हस्पिटल,परवानीपुर | ०५१-६२०२०६, ९८०२९२१९९६ |

### होटल

| | |
|---|---|
| होटल मकालु | ०५१-५२३०५४ |
| होटल दियालो | ०५१-५२२३७० |
| होटल भिस्वा | ०५१-५२७७७७ |
| होटल सम्झना | ०५१-५२२१२२ |
| होटल हिरा प्लाजा | ०५१-५२३९१६ |
| होटल कुमु प्यालेस | ०५१-५२३६४१ |
| होटल कैलाश | ०५१-५२२३८४ |

### कुरियर

| | |
|---|---|
| साझा कुरियर | ०५१-५२६८०९ |
| कन्ट्याकट कुरियर | ०५१-५२५६६४० |

### विमा कम्पनी

| | |
|---|---|
| राष्ट्रिय वीमा संस्थान | ०५१-५२१८३८ |
| एभरेष्ट इन्स्योुन्स | ०५१-५२२९६३ |
| नेशनल इन्स्योरेन्स | ०५१-५२७७७७ |
| दिओरिएन्टल इन्स्योरेन्स | ०५१-५२१४१५ |



# फोटो क्यापसन



काठमाडौं : जेनजी पुस्ताको प्रदर्शनका क्रममा मृत्यु हुनेको संख्या ९ पुगेको छ। राष्ट्रिय ट्रमा सेन्टरमा ६ जना, सिभिल अस्पतालमा २ र केएमसी अस्पतालमा १ जना गरी ९ जनाको मृत्यु भएको अस्पताल स्रोतले जनाएको छ। ट्रमा सेन्टरमा ४० जनाको उपचार भइरहेकोमा एकजनाको अवस्था गम्भीर रहेको अस्पतालले जनाएको छ। घाइतेमध्ये १५ जनाको स्वास्थ्य अवस्था सामान्य छ। यसैगरी त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा १० जना घाइतेको उपचार भइरहेको छ। बानेश्वरमा प्रदर्शनले उग्ररुप लिएपछि प्रहरीले पानीको फोहोरा, अश्रुग्यास र रबरको गोली चलाएको थियो। प्रदर्शनका क्रममा केही सुरक्षाकर्मी समेत घाइते भएका छन्। सामाजिक सञ्जाल प्रतिबन्ध र भ्रष्टाचार विरुद्ध नयाँ पुस्ताका युवा (जेनजी)हरू सडक प्रदर्शनमा उत्रिएका छन्। **फोटा :- सौजन्य**

# रक्सौलकी छोरी कृति जालानले रचिन् नयाँ इतिहास नारी शक्ति गौरव, समाजको सम्मान

**अभिलाष गुप्ता**

***बीरगंज, २३ भदौ।***

रक्सौलको बैंक रोडकी होनहार छोरी कृति जालानले आफ्नो अदम्य साहस, परिश्रम र लगनशीलताबाट सम्पूर्ण देशमा रक्सौलको मान बढाइएकी छिन्। प्रतिष्ठित व्यवसायी श्री नन्दकिशोर जालान र स्व. कान्ता देवी जालानकी नातिनी तथा लायन बसन्त जालान र लायन अनिता जालानकी प्यारी छोरी कृतिले भारतको शीर्ष कानुन शिक्षालय नेशनल लॉ स्कूल अफ इन्डिया युनिभर्सिटी, बेंगलुरु बाट आफ्नो कानूनको डिग्री हासिल गरेकी छिन्। यो डिग्री उनलाई भारतका माननीय सर्वोच्च अदालतका न्यायाधीश न्यायमूर्ति सूर्यकान्तज्यूको हातबाट प्राप्त भयो, जो आगामी नोभेम्बर २४,



२०२५ देखि देशका प्रधान न्यायाधीशका रूपमा पदभार सम्हाल्दैछन्। कृतिको प्रतिभा परिचयको मोहताज छैन। सन् २०२० मा आयोजित CLAT ENTRANCE EXAM मा उनले ओबीसी वर्गतर्फ पुरै भारतमा चौथो स्थान र सामान्य श्रेणीमा ६६औं स्थान प्राप्त गरी रक्सौल र बिहारको नाम देशभर उजागर गरेकी थिइन्। यही उपलब्धिले उनलाई देशकै प्रथम रैंकको कानून विश्वविद्यालयसम्म पुऱ्याएको हो। अध्ययनक्रमको दौरान उनले भारतकै शीर्ष कानुन फर्म खेतान एन्ड एसोसिएट्स, मुम्बई मा प्रशिक्षण पूरा गरिन् र हाल त्यहीँ कानुनी सल्लाहकारको रूपमा कार्यरत छिन्। कृतिले आफ्नो सफलताको श्रेय परिवार, माता-पिता र समाजलाई दिँदै भनिन्, "यही प्रेरणा र आशीर्वादले मलाई यस मुकामसम्म पुऱ्याएको हो।" उनकी दिदी डा. अञ्जली र दाइ ऋषभ जालानले समेत बहिनीको उपलब्धिमा खुशी प्रकट गरेका छन्। लायन्स क्लब अफ रक्सौलका अध्यक्ष तथा मिडिया प्रभारी लायन बिमल सर्राफ, सचिव लायन मोहम्मद निजामुद्दिन र कोषाध्यक्ष लायन अमित कुमारसहित सम्पूर्ण सदस्यहरूले कृतिका माता-पितालाई बधाई दिँदै बिटिया रानीको उज्जवल भविष्यको शुभकामना दिएका छन्। क्लब अध्यक्षले आउँदो नवरात्रमा हुने डाँडिया उत्सवमा कृतिलाई विशेष सम्मान प्रदान गरिने घोषणा गरेका छन्। त्यस्तै, प्रमुख समाजसेवी महेश अग्रवाल, गणेश धानोठिया, हेमन्त अग्रवाल, प्रशान्त जालान, नारायण रुंगटा लगायत अनेकौं गण्यमान्य नागरिकहरूले शुभकामना दिएका छन्। प्रिन्ट, डिजिटल र सामाजिक सञ्जालका पत्रकारहरूले पनि कृतिलाई बधाई दिएका छन्।




## माओवादी...............

कारण प्रधानमन्त्री ओलीले राजीनामा दिई वातावरण सहज बनाउन सहयोग गर्नुपर्ने माग उनीहरूले गरेका छन्।

जेन-जी प्रदर्शनका क्रममा हालसम्म १६ जनाको मृत्यु भइसकेको पुष्टि भएको छ।

दर्जनौं घाइते अस्पतालमा उपचाररत छन्। माओवादी केन्द्रले प्रदर्शनमा भएको रक्तपातलाई 'नरसंहार' को संज्ञा दिँदै सरकारको कडा आलोचना गरेको छ

## वीरगंजमा निशुल्क....

उपचार प्रदान गरेका थिए। कार्यक्रममा विभिन्न रोगका विरामीले अकुपन्चर र मसाज थेरापीमार्फत सेवा लिएका थिए। कार्यक्रममा जम्मा ११० जना लाभान्वित भएको अध्यक्ष खेतानले जानकारी दिए। यस अवसरमा नेपाल इनोभेटिभ सोसाइटी वीरगंजका अध्यक्ष कमल चौगाई, समाजसेवी, संचारकर्मी तथा स्थानीयवासीहरुको उल्लेखनीय उपस्थिति रहेको थियो।

## वीरगंजमा.................

प्रदर्शन गरे। उनीहरूले हातमा 'भ्रष्टाचार अन्त्य गर', 'जनताको कर खान पाइँदैन', 'नेता चोर, देश छोड' जस्ता नारा लेखिएका प्लेकार्ड बोकेका थिए। कतिपय प्लेकार्डमा चर्चित नेताहरूलाई लक्षित गर्दै कडा शब्द प्रयोग गरिएको देखिन्थ्यो। प्रदर्शनकारीहरूले नाराबाजीसहित शान्तिपूर्ण रूपमा घण्टाघर क्षेत्रमा जुलुस निकाले। उनीहरूले सामाजिक सञ्जालमाथि लगाइएको नियन्त्रणको पनि विरोध जनाउँदै अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने प्रयास तत्काल फिर्ता लिन सरकारलाई चेतावनी दिएका छन्। प्रदर्शनलाई थप व्यवस्थित बनाउन केही युवा समूहले स्वतःस्फूर्त नेतृत्व लिएको देखिन्थ्यो। उनीहरूले यो अभियान निरन्तर चलाइने र भ्रष्ट्राचारविरुद्धको आवाज अझै व्यापक बनाइने बताएका छन्। स्थानीय सुरक्षाकर्मीहरू भने सावधानीपूर्वक स्थिति नियालिरहेका थिए। अहिलेसम्म कुनै अप्रिय घटना नभएको प्रहरीले जनाएको छ। यो आन्दोलनले वीरगञ्जका युवाहरूमा मात्र होइन, सम्पूर्ण समाजमा राजनीतिक सचेतना र जवाफदेहीताबारे नयाँ बहस सुरु गरेको देखिएको छ।

# अन्तर्राष्ट्रिय समाचार

# हमासलाई ट्रम्पको अन्तिम चेतावनी



***वासिङ्टन डीसी, २३ भदौ।***


अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हमासलाई अन्तिम चेतावनी दिएका छन्। आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म 'ट्रुथ सोसल' मा ट्रम्पले लेखेका छन्, 'हर कोही बन्धकहरूलाई घर फिर्ता ल्याउन चाहन्छन्। सबैजना यो युद्ध समाप्त होस् भन्ने चाहन्छन्! इजरायलीहरूले मेरा सर्तहरू स्वीकार गरेका छन्। अब हमासले पनि तिनीहरूलाई स्वीकार गर्ने समय आएको छ।'

ट्रम्पले हमासलाई अन्तिम निर्णय लिन चेतावनीको भाषामा लेखेका छन्- 'मैले हमासलाई चेतावनी दिएको छु।' हमासले सर्तहरूमा सहमति जनाएन भने के परिणाम भोग्नुपर्छ भनेर आफूले स्पष्ट रूपमा बताइसकेको पनि पोस्टमा ट्रम्पले लेखेका छन्। 'यो मेरो अन्तिम चेतावनी हो, अब आउँदैन !' ट्रम्पले भनेका छन्।

अमेरिकाले यो कडा अडान लिएपछि इजरायल र हमासबिच चलिरहेको द्वन्द्व समाप्त हुने विश्वास गरिएको छ।

गाजामा विगत २३ महिनादेखि चलिरहेको हिंसा र गोलाबारी रोकिने र अभूतपूर्व मानवीय सङ्कटको सामना गरिरहेका प्यालेस्टिनी जनताले राहत पाउने आशा गरिएको छ।

# रुसी वैज्ञानिकहरूले बनाए क्यान्सरविरोधी खोप



***मस्को, २३ भदौ।***

वर्तमान समयको सबैभन्दा तीव्र गतिमा बढ्दो गम्भीर स्वास्थ्य समस्याहरू मध्ये एक हो, क्यान्सर। यो विश्वभर मृत्युको प्रमुख कारण पनि हो। हरेक वर्ष लाखौं मानिसहरू क्यान्सरबाट मरिरहेका छन्। बदि्लँदै गइरहेको जीवनशैली, जंक फुड, धूम्रपान-मदिरा र वायु प्रदूषणका कारण क्यान्सरको जोखिम निरन्तर बढ्दै गएको छ। आधुनिक औषधि र नयाँ प्रविधिहरूले पहिलेको तुलनामा यस रोगको जोखिम घटाएको छ।

यसको उपचार पनि अहिले सजिलो भएको छ तर, ग्रामीण क्षेत्रहरूमा स्क्रिनिङ र उपचारमा कठिन पहुँचका कारण यो रोग र यसबाट हुने मृत्यु अझै पनि चिन्ताको विषय बनेको छ। नयाँ खोप, लक्षित थेरापी, इम्युनोथेरापी जस्ता आधुनिक उपचार विधिहरूले क्यान्सर उपचारलाई सजिलो बनाउन मद्दत गरिरहेका छन्। यस क्रममा, रूसले क्यान्सर विरुद्धको लडाइँमा नयाँ र अत्यधिक प्रभावकारी खोप तयार गर्ने जानकारी दिएको छ। संघीय चिकित्सा तथा जैविक एजेन्सीका प्रमुख भेरोनिका स्कभोट्र्सोभाका अनुसार, वैज्ञानिकहरूको टोलीले क्यान्सरको लागि प्रभावकारी खोप तयार गरेको छ।

धेरै वर्षको प्रिक्लिनिकल परीक्षण सफलतापूर्वक पूरा गरेपछि खोप अब प्रयोगको लागि तयार छ। यो एउटा एमआरएनएमा आधारित खोप हो जुन क्यान्सर बिरामीहरूको लागि वरदान साबित हुन सक्छ। क्लिनिकल परीक्षणहरूमा, यसको प्रभावकारिता र सुरक्षा सय प्रतिशत पाइएको थियो। क्लिनिकल परीक्षणमा एन्टेरोमिक्स नामक खोप ठुला ट्युमर भएका बिरामीहरूको आकार घटाउन र क्यान्सर कोषहरू नष्ट गर्न प्रभावकारी देखिएको छ। यो खोपले क्यान्सर रोगको उपचारको लागि नयाँ आशा दिएको छ। रूसको राष्ट्रिय चिकित्सा अनुसन्धान रेडियोलोजिकल केन्द्रले एन्जेलहार्ट इन्स्टिच्युट अफ मोलिक्युलर बायोलोजीको सहकार्यमा यो खोप विकास गरेको हो। स्थानीय रुसी मिडियामा छापिएका खबरका अनुसार यो खोपले अब स्वास्थ्य मन्त्रालयबाट अन्तिम स्वीकृतिको लागि मात्र पर्खिरहेको छ।

प्रकाशक/सम्पादकः- (एस. के.चौरसिया) ९८५५०३३७४२, ९८४५०९६४५९ सह - सम्पादक :- ईन्दु कु. चौरसिया कार्यकारी सम्पादक :- अशोक कुमार श्रीवास्तव विशेष सम्वाददाता :- हिरा चौरसिया रविन श्रेष्ठ, कम्प्युटर ले-आउटः-विजय कुमार, कार्यालयः- बीरगंज आर्दशनगर- १०, मुद्रकः- चौरसिया प्रिन्टीङ्ग प्रेस, वीरगंज-०८, Email:pratiphaldaily@gmail.com